
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज ९ गते आइतबार ❑ 25 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## फुटले धोका भयो : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, ८ असोज**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी शक्ति विभाजित हुँदा नेपाल र नेपाली जनतालाई धोका भएको र अब समाजवादका लागि एउटा नयाँ खालको सङ्घर्षको आवश्यकता भएको बताउनुभएको छ।

नेपाल समाजवादी पार्टीले शनिबार यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले डा बाबुराम भट्टराई र आफू मिल्दा नेपालमा युगान्तकारी जनयुद्ध सफल भएको उल्लेख गर्दै अब समाजवादका लागि पनि आफूहरू मिल्नै पर्ने निष्कर्षमा पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "भट्टराई र मैले नै जनयुद्धमा जाने निर्णयको लेखाजोखा गरेका हौँ । सोही अनुसार भएको १० वर्षको त्यो जनयुद्धले देशलाई ठूलो उथलपुथल गऱ्यो । अहिले फेरि समाजवादका लागि एउटा नयाँ खालको सङ्घर्षको आवश्यकता छ भन्ने निष्कर्षमा पुगेका छौँ ।"

माओवादी विभाजनको तीतो प्रयोग नेपाली समाजमा भएको र त्यसले परिणाम सही ल्याउन नसकेको निष्कर्षमा भट्टराई र आफू पुगेको दोहोऱ्याउँदै अध्यक्ष दाहालले भन्नुभयो, "यी प्रयोग गर्दा हाम्रो उद्देश्य जतिसुकै राम्रो र ठूलो भए पनि सफल हुन सकेन ।" घटनाक्रमले के साबित गऱ्यो भने हामी अलग-अलग प्रयोग गर्न हिँड्दा माओवादी जनयुद्ध, त्यसको ऐतिहासिक भूमिका, त्यसले स्थापित गरेका मूल्य मान्यता, त्यसले ल्याएका परिवर्तन धरापमा पर्ने खतरा देखापरेको उहाँले उल्लेख गर्नुभयो । जनविरोधी शक्तिले माओवादी आन्दोलनका नेता-कार्यकर्तालाई अपमानित गर्ने र यसका उपलब्धि उल्ट्याउन अनेक खालाका कसरत गर्ने बीचमा देखापरेको उहाँको भनाइ छ । पछिल्ला दिनमा देखिएका घटनाको समीक्षा गर्न आवश्यक देखिएको उल्लेख गर्दै अध्यक्ष दाहालले यसको समीक्षा नगर्ने हो भने युगान्तकारी आन्दोलनका उपलब्धि नै उल्टिने र देश फेरि अराजकतातिर जाने खतरा सबैले महसुस गरेको पनि स्पष्ट पार्नुभयो ।"यो परिवर्तन ल्याउन जसले विचार र राजनीतिक दृष्टिकोणको नेतृत्व गऱ्यो उनीहरू अलग-अलग हुँदा प्रतिक्रान्ति र प्रतिगमनले टाउको उठाउने प्रत्यक्ष महसुस गऱ्यौँ," अध्यक्ष दाहालले भन्नुभयो, "प्रचण्ड-बाबुराम दुई नाम भएर मात्र परिवर्तन आएको होइन । नेपाली जनताले ठूलो बलिदान र त्यागबाट पैदा गरेका नाम हुन् यी । इतिहासले पैदा गरेको नेतृत्व अलग हुँदा आन्दोलन नै धक्का खाँदो रहेछ भन्ने तीतो मार्मिक यथार्थ भोगिरहेका छौँ ।"

"बाबुराम-प्रचण्ड मिल्दा एक प्लस एक दुई मात्र हुने होइन, यसको महत्व ठूलो हुन्छ", उहाँले भन्नुभयो, "हामी एक अर्काका पूरक हौँ । हामी परिवर्तनका वाहक हौँ । अब हामीहरू समाजवादको नयाँ मोडल दिन्छौँ ।" संविधानको घोषणापछि आफूले एमालेसँग एकता र भट्टराईले नयाँ शक्तिको स्थापना गर्ने दुस्साहसिक प्रयोग गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले ती दुवै प्रयोग असफल भएको स्वीकार गर्नुभयो । उहाँले भट्टराई र आफू केही महिनादेखि निरन्तर छलफलमा रहेको र छलफलको निष्कर्ष फुट होइन एकता नै भएको र एकता सङ्घर्ष रुपान्तरणमा पनि मुख्यतः रुपान्तरण नै रहेको बताउनुभयो ।

नेपालमा फेरि युगलाई सन्देश दिने गरी समाजवादको नयाँ क्रान्तिको आधारशिला खडा गर्न सक्छौँ कि सक्दैनौँ भनेर आफूहरूले छलफल गरेको अध्यक्ष दाहालको भनाइ छ । उहाँले एकता चुनावका लागि मात्रै नभएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, " यो निर्णय चुनावका लागि मात्र गरिएको होइन, त्योभन्दा धेरै माथि उठ्न बल गरिएको छ, यो देशलाई समृद्धिको विकासको नयाँ मोडल हामीले दिनुपर्छ । हामीले नै दिन सक्छौँ ।"

कार्यक्रममा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले राजनीतिक आन्दोलनबाट प्राप्त भएको उपलब्धिलाई संस्थागत गरेर अगाडि जाने सङ्कल्पका साथ आफूहरू अगाडि बढेको बताउनुभयो ।

## 'प्रविधिसँग जोडेर रोजगारमूलक शिक्षामा जोड दिनुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ असोज**



गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले शैक्षिक क्षेत्रलाई प्रविधिसँग जोडेर रोजगारमूलक शिक्षामा जोड दिनुपर्ने बताउनुभएको छ।

पोखरा महानगरपालिका-२७ तालचोकस्थित त्रिवेणी इन्टरनेशनल कलेजको सातौँ वार्षिक साधारणसभामा उहाँले परम्परागतभन्दा नवीनतम् शैक्षिक विधि-प्रविधिको प्रयोग गर्दै समयसापेक्ष रोजगारमूलक शिक्षालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। "शिक्षालाई समाज र बजारसँग जोड्ने अभिप्रायका साथ व्यवहारिक ज्ञान प्रदान गर्नु आजको आवश्यकता हो", उहाँले भन्नुभयो । कलेज व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य सङ्घका सदस्य बाबुराम गिरीले निजीस्तरबाट सञ्चालित कलेजले शैक्षिक गुणस्तरमा कुनै कमी हुन नदिएको धारणा राख्नुभयो । कलेजका व्यवस्थापन समितिका अध्यक्ष सुमन भट्टराईले कलेजको समग्र शैक्षिक उन्नयन नै समितिको एक मात्र लक्ष्य रहेको बताउँदै नमूना शैक्षिक संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्राचार्य यदुनाथ आचार्यले समयसापेक्ष शैक्षिक गुणस्तरसँगै विद्यार्थीलाई आवश्यक भौतिक पूर्वाधार तयार गर्दै कास्की जिल्लाकै उत्कृष्ट कलेज बनाउन आफूहरू लागिरहेको बताउनुभयो ।

संस्थाका पूर्वअध्यक्ष राजेन्द्रमणि लामिछाने, पोखरा विश्वविद्यालयका पूर्वडिन इन्द्रप्रसाद तिवारी, लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेय, अमरसिद्ध नमूना माविका प्रधानाध्यापक विष्णुप्रसाद पौडेल, हिसान कास्कीका अध्यक्ष प्रेमबहादुर रोक्का, पूर्वविद्यार्थी एशोसिएशनका अध्यक्ष रामकृष्ण लामिछाने, विद्यार्थी कल्याणकारी सङ्घका अध्यक्ष सृष्टि तिवारी, सहायक क्याम्पस प्रमुख डिल्लीराम पौडेललगायतले प्रविधिमा आधारित गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता भएको बताउनुभयो ।

## एशियन फोरमको टिम विल्डिङ कार्यशाला सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ असोज**



एशिया मानव अधिकार तथा साँस्कृतिक विकास मञ्च (एशियन फोरम)को आयोजनामा दक्षिण कोरियामा रहेका हाना नानुम फाउन्डेसन र वी फ्रेन्डस संस्थाको सहयोगमा टिम विल्डिङ कार्यशाला गोष्ठी पोखरामा सम्पन्न भयो ।

कार्यक्रममा स्वदेश फिर्ता भई विभिन्न पेशा व्यवसायमा आवद्ध, कृषि बिज्ञ, पर्यटन बिज्ञ, निति तथा कानुन बिज्ञ, पत्रकारहरु, स्थानीय जनप्रतिनिधिहरु साथै बुद्धिजीवीहरुको सहभागीता रहेको थियो । नेपालको समग्र सामाजिक एवं श्रम आप्रसनका क्रममा श्रमिकहरुको हक तथा अधिकार कसरी प्राप्त

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सरकार र प्रा डा केसीबीच १० बुँदे सहमति, अनशन अन्त्य

**रासस**
**काठमाडौं, ८ असोज**

सरकार र स्वास्थ्य क्षेत्रको सुधारको माग गर्दै आन्दोलरत प्रा डा गोविन्द केसीबीच १० बुँदे सहमति भएको छ।

शनिबार साँझ सरकार द्वारा गठित वार्ता टोलीका संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा गणेशप्रसाद पाण्डेय र प्रा डा केसीबीच १० बुँदे सहमति पत्रमा हस्ताक्षर भएको छ । सहमतिअनुसार शनिबारदेखि नै प्रा डा केसीले अनशन अन्त्य गर्नुभएका लय शिक्षण अस्पतालका कुरुवा कैलालीका सरिता चौधरीको हातबाट जुस पिएर अनशन तोड्नुभयो ।

सहमतिअनुसार स्वास्थ्य क्षेत्र सुधारका लागि देशभरिका सरकारी अस्पतालमा कम्तीमा हाल सञ्चालनमा रहेका शय्या सङ्ख्याअनुसार दरबन्दी कायम गर्ने, कैलालीको गेटास्थित मेडिकल कलेजलाई तत्काल सञ्चालन गर्ने, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा १८ मा स्वार्थ बाझिएमा निर्णय गर्न नहुने व्यवस्था रहेको र अब उप्रान्त नियुक्ति वा मनोनयन हुने व्यक्तिको स्वार्थको द्वन्द्व लागि गाह्रो नहुने कानुनी व्यवस्था थप गर्न संशोधनसम्बन्धी मस्यौदा तयारी गरी सरकारले आगामी संसद्को अधिवेशनमा पेश गर्नुपर्ने छ ।

प्रतिष्ठान र विश्वविद्यालयका पदाधिकारी नियुक्तिको लागि मापदण्ड बनाइ पारदर्शी ढङ्गले गर्ने, राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ४७ बमोजिम चिकित्सासम्बन्धी शिक्षण संस्थालाई क्रमशः गैरनाफामूलक र सेवामूलक संस्थामा रुपान्तरण गर्ने सम्बन्धमा आवश्यक विषयमा ठोस रायसहितको प्रतिवेदन पेश गर्न चिकित्सा शिक्षा आयोगलाई लेखी पठाउने सहमति भएको छ । चिकित्सा शिक्षा आयोगको सङ्गठन तथा व्यवस्थापन सवेक्षणको काम भइरहेकोले शीघ्र स्वीकृतिको प्रक्रिया अगाडि बढाउने र निःशुल्क स्नातकोत्तर कार्यक्रमका लागि आवश्यक बजेट आगामी आवदेखि आयोगका नाममा विनियोजन गर्ने, जलवायु सङ्कटका कारण उत्पन्न हुने जटिलता न्यूनीकरणका लागि तत्काल पेट्रोलियम पदार्थको खपत कम गर्न तथा दीर्घकालीन नेपाललाई निर्धारित लक्ष्य बमोजिम जिरो नेट कार्बन देश बनाउनका लागि स्वच्छ ऊर्जामा आधारित प्रविधिलाई प्रोत्साहन र प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा कानुनी प्रबन्ध गर्ने सहमति भएको उल्लेख छ ।

## २ करोडको लागतमा पोखरामा तेक्वान्दो प्रशिक्षण भवन निर्माण हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ असोज**





पोखरामा तेक्वान्दो प्रशिक्षण भवन निर्माण हुने भएको छ । गण्डकी प्रदेश तेक्वान्दो संघ, कास्की जिल्ला तेक्वान्दो संघको करिब सक्रियतामा करिब २ करोडको लागतमा उक्त भवन बन्ने भएको संघ गण्डकीका अध्यक्ष जगन बहादुर गुरुङले बताए ।

संघले विगत एक दशक अघि खेलाडी, प्रशिक्षक, विभिन्न स्वदेशी तथा विदेशी दाताहरुको सहयोगमा करिब ५५ लाख रुपैया उक्त भवन निर्माणको लागि रकमको व्यबस्था गरे पनि जग्गाको प्राप्ती नहुदा निर्माण कार्य स्थगित भएको उनले जनाए । देउसी भलो देखि विभिन्न ढंगले संकलन गरेको उक्त रकमलाई बचत गर्दै जग्गाको खोजि गर्दा ढिलो गरी जग्गा प्राप्ती भएकोले बल्ल उक्त भवनको काम अघि बढेको अध्यक्ष गुरुङले बताए ।

सो भवन निर्माण गर्न २ करोडको लगानी हुने भएको अध्यक्ष गुरुङले जनाए । राष्ट्रिय खेलकुद परिषदबाट उक्त भवन निर्माणमा करिब ५० प्रतिशत रकमको व्यबस्था गरेको खण्डमा आफुहरुले ६ महिना भित्र उक्त भवन निर्माण गर्ने उनले दाबी गरे ।

यसैबिच एक समारोहका बिच उक्त भवनको शनिबार शिलन्यास गरिएको छ । राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिब टंकलाल घिसिङले उक्त भवनको शिलन्यास गर्दै सो भवन निर्माणमा आवश्यक रकम व्यबस्था गर्न यस बर्ष बजेट व्यबस्था गर्न कठिन हुने बताए । अर्को बर्ष उक्त भवन निर्माण केही न केही सहयोग गर्ने बताउदै उनले नेपालको नमुनाको रुपमा पोखरेलीहरुको हरेक गतिविधिमा साझेदारी गर्ने गरेको जनाए । खेलकुदमा राज्यको मात्र लगानी गर्नुपर्छ भन्ने मान्यतालाई पोखरेलीहरुले अन्यलाई उदाहरण दिने गरेको उनले जनाए । पोखरा रंगशालाको पूर्वपट्टि सेमिकभर्ड हल भन्दा दक्षिणी भागमा उक्त भवन निर्माण हुने भएको संघ कास्कीका कार्यबहाक अध्यक्ष कुलचन्द्र शर्माले बताए । संघ कास्कीका कार्यबहाक अध्यक्ष कुलचन्द्र शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सचिव दीपेन्द्र पहारी लगायतले वोलेका थिए ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# युनाईटेड क्लवको अध्यक्षमा पुनः राजु श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

युनाईटेड क्लवको अध्यक्षमा राजु श्रेष्ठ निर्वाचित भएका छन ।

युनाइटेड क्लव पोखराको १३ औ साधारण सभा तथा छैठौ अधिवेशनले पुनः राजु श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । श्रेष्ठ दोश्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएका हुन । शनिवार सम्पन्न क्लवको अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा लोक बहादुर थापा, प्रथम उपाध्यक्ष गणेश तिमिल्सिना, द्वितीय उपाध्यक्ष शान्ता बहादुर थापा, महासचिवमा दिनेश सुनार, कोषाध्यक्षमा सुर्य बहादुर बानियाँ, सचिव पूर्णकला पोख्रेल र सह कोषाध्यक्षमा सीमा गुरुङ सर्वसम्मत चयन भएका छन । त्यसैगरी सदस्यहरुमा सन्तोष कार्की, विष्णु कुमार गुरुङ, जयराम आचार्य, पुर्णकुमार श्रेष्ठ, दीवानी सुवेदी, चन्द्र कुमारी पराजुली, शिव थापा, पदम बहादुर कार्की



(बिजय) र शान्ति सुवेदी चयन भएका छन ।

क्लवका संस्थापक अध्यक्ष हिमालय बख्रेल निर्वाचन मंडलको संयोजक र सदस्यहरुमा निवर्तमान अध्यक्ष लालकाजी गुरुङ , पुर्व अध्यक्ष सुक बहादुर गुरुङ, सल्लाहकार राजेन्द्र थापा र पवित्रा गुरुङ सदस्य रहेको निर्वाचन मंडलले नव निर्वाचित पदाधिकारिहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले युनाईटेड क्लव पोखराको एक उत्कृष्ट काम गर्ने सामाजिक संस्था भएकाले क्लवले गर्ने कुनै पनि काममा महानगरले सहकार्य गरेर अगाडि बढ्ने बताईन । कुनै पनि संघ संस्थाले समाजिक काम संगै युवाहरु लक्षित योजनाहरुलाई समेटेर अगाडि वढेमा मुलुक समृद्धि तर्फ अगाडि वढ्ने उनको भनाई रहेको थियो ।

युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लका संस्थापक अध्यक्ष हिमालय बख्रेल, पोखरा महानगरपालिका वडा नम्वर १० जप्रितिनिधी परमेश्वर कार्की, अमरसिंह मा.वि.का प्रध्यानाध्यापक तेजस्वी बराल, क्लवका सल्लाहकार लिला बहादुर जिसि लगायतले वोलेका थिए ।

कार्यक्रममा १२ कक्षा उतीर्ण क्लवका आजिवन सदस्यका छोराछोरिहरुलाई बधाई तथा सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा शुभेच्छा बाँनिया, आयुशा थापा, सिद्वार्थ थापा, प्रकृति पोखेल, अभिषेक कार्की, प्रतीक्षा के. सी. र प्रतीक्षा थापा रहेका छन । कार्यक्रममा अध्यक्ष राजु श्रेष्ठले अध्यक्षको प्रतिवेदन, महासचिव शान्ता बहादुर थापाले महासचिवको प्रतिवेदन र कोषाध्यक्ष सुर्य बहादुर बानियाले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिएभने कार्यक्रममा प्रथम उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तव्य राखेका थिए ।

# कालिका बहुमुखीमा परियोजना लेखन सम्बन्धी गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

पोखराको काजिपोखरी स्थित कालिका बहुमुखी क्याम्पसले शनिबार परियोजना लेखन सम्बन्धी कार्यशालाको आयोजना गऱ्यो ।

व्यवस्थापन संकाय स्नातक तह चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरुका लागि लक्षित गरेर कार्यशालाको आयोजना गरिएको क्याम्पस प्रमुख विरन्जि गौतमले जानकारी दिए । परियोजना लेखन सम्बन्धी विद्यार्थीहरुलाई सहज होस् भन्ने उदेश्यले कार्यशालाको आयोजना गरिएको उनले उल्लेख गरे । 'कार्याशालाले विद्यार्थीहरुलाई आफुमा रहेको सैद्धान्तिक ज्ञानलाई कसरी व्यवहारमा उतार्ने र विभिन्न संघ संस्थाले यसलाई कसरी प्रयोग गर्दा रहेछन् भन्ने ज्ञान प्रदान गर्छ' गौतमले भने । कार्यशालामा



शिर्षक तथा संगठन छनोट सम्बन्धी अनुसन्धान समितिका सदस्य सुनिल कोइराला र रिपोर्ट फर्म्याट सम्बन्धी समितिका सदस्य बोधराज पौडेलले आफ्नो प्रस्तुती प्रस्तुत गरेका थिए । यसैगरी तथ्याङ्क संकलन र तथ्याङ्क विश्लेषण बारे समितिका संयोजक रेवतिरमण घिमिरे, विवियोग्राफी, रिफ्रेन्स, लिटरेचर रिभ्यु सम्बन्धी समितिका सदस्य सन्तोषमणी लामिछानेले प्रस्तुती प्रस्तुत गरेका थिए । क्याम्पस प्रमुख विरन्जि गौतमले कार्यशालाको उद्घाटन गरेका हुन् । अनुसन्धान समितिका संयोजक रेवतिरमण घिमिरेको संयोजकत्वमा भएको उक्त कार्यशालाको सञ्चालन प्राध्यापक सन्तोषमणि लामिछानेले गरेका हुन् ।

उक्त परियोजना लेखन त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायको चौथो वर्षमा ५० पूर्णाङ्कको कार्यभार रहेको छ ।

# एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो' प्रतियोगिता पोखरामा जारी

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

खुला तेक्वान्दो च्याम्पियनसिप २०२२' जि-२ ऱ्याकिङ जुनियर क्यूरोगी तर्फको इभेण्टमा नेपालले २ स्वर्ण पदक हात पार्न सफल भएको छ ।

पोखरामा जारी 'तेश्रो माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनसिप २०२२' जि-२ ऱ्याकिङ तथा ' प्रथम जिसिएस माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला पुम्से च्याम्पियनसिप-२०२२' अन्तर्गत शनिबारको खेलमा नेपालले ६३ केजी मुनि र ६८ केजी मुनिको तौल समुहमा स्वर्ण पदक हात पार्न सफल भएको हो । ६३ केजी मुनि तौल समुहको खेलमा नेपालका रुपेश तामाङले स्वर्ण पदक प्राप्त गर्दा ६८ केजी मुनिको अर्को इभेन्टमा भने शुप्रिया गुरुङले स्वर्ण पदक दिलाएको गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङले बताए ।



उक्त जुनियर तर्फको क्यूरोगी तर्फको इभेण्टमा भारतले भने ८ स्वर्ण पदक ल्याउन सफल भएको छ । त्यसै गरी दक्षिण कोरीयाले भने ३ स्वर्ण र पाकिस्तानले एक स्वर्ण ल्याउन सफल भएको संघले जनाएको छ । विजयी खेलाडीहरुलाई कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवन, नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशसम्सेर राणा, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिब तेज बहादुर गुरुङ, भूतपुर्व खेलाडी मञ्चका अध्यक्ष हरि पराजुली लगायतले पुरस्कार वितरण गरेका थिए । प्रतियोगिता अन्तर्गत रंगशालाको बहुउद्देश्यीय कभर्ड हल तथा ब्याटमिन्टनको हलमा खेलहरु भईरहेका छन् ।

उक्त प्रतियोगितामा नेपाल सहित,भारत, पाकिस्तान, श्रीलङ्का, अमेरीका, बंगलादेश लगायतका १३ देशका १ हजार ३ सय भन्दा बढी खेलाडीहरु सहभागि भएको संघ गण्डकीका सचिव रमेश पौडेलले बताए ।

## एशियन...

गर्न सकिन्छ भन्ने विषयका साथमा स्वदेश फिर्ता आप्रवासी श्रमिकहरुको आर्थिक सामाजिक तथा संबेगात्मक पुनःएकिकरणका लागि स्थानीय, प्रदेश तथा केन्द्रमा के कस्ता निति तथा कार्यक्रम हुनुपर्छ भन्ने विषयमा केन्द्रीत रहेको थियो ।

कार्यक्रममा सहभागी विभिन्न क्षेत्रमा दक्षता प्राप्त ब्यबसायीहरुले आफ्नो तवरबाट बिचार प्रस्तुत गरि कार्य योजना अनुसार काम प्रतिबद्धता जनाएका थिए । सो गोष्ठीमा आगामी दुई बर्षको लागि स्वास्थ्य र स्वच्छता सम्बन्धी कार्यक्रम संस्थाका कार्यक्रम तथा गतिविधि तय गरिएको संस्थापक अध्यक्ष सिद्धिचन्द्र वरालले वताए । एशियन फोरमका केन्द्रिय अध्यक्ष किस्मतमणी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा श्रम आप्रबासन बिज्ञ निलाम्बर बडालले सहजीकरण गरेका थिए ।

# घुमन्ते कामदारका कारण व्यवसायी मारमा

पोखरापत्र संवाददाता
वालिङ, ८ असोज

भारतीय घुमन्ते कामदारका कारण यहाँका फर्निचर उद्योगी मारमा परेका छन् । छिमेकी मुलुक भारतबाट आएका कामदारले घर घरमै फर्निचर निर्माणको सेवा दिने गरेकाले स्याङ्जाका फर्निचर तथा फर्निसिङ उद्योगी मारमा परेका हुन् ।

आफूहरूले उद्योग दर्ता गरी नेपाल सरकारलाई राजस्व बुझाउँदै आएको तर यहाँ विनादर्ताका भारतीय कामदारका कारण उद्योग सञ्चालनमा समस्या भएको वालिङस्थित बाबा फर्निचर उद्योगका सञ्चालक ओमप्रसाद शर्माले गुनासो गर्नुभयो ।

घुमन्ते भारतीय कामदारलाई पनि करको दायरामा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो । "भारतबाट आएका घुमन्ते कामदारलाई यहाँ काम गर्न पाउन्नौं भन्न खोजिएको होइन", उहाँले भन्नुभयो, "कि त उनीहरूले पनि व्यवसाय दर्ता गरेर करको दायरामा आउनुपऱ्यो कि त हामी उद्योगीले काम दिन्छौं यिनै उद्योगहरूमार्फत काम गर्नुपऱ्यो ।"

सीप भएका नेपाली युवा शक्ति विदेश पलायन हुने र भारतीय कामदारले उद्योगमा काम नगरी घुमन्ते व्यवसाय गरिदिँदा केही उद्योग बन्द भइसकेका छन् भने केही बन्द हुने अवस्थामा पुगेको उहाँ बताउनुहुन्छ । भारतबाट आई घुमन्ते कामदारले जिल्लाका फर्निचर तथा फर्निसिङ उद्योगी व्यवसायी मारमा परेको गुनासो आएपछि यसको समाधानका लागि फर्निचर तथा फर्निसिङ व्यवसायी सङ्घले पहल गरिरहेको सङ्घका जिल्ला अध्यक्ष गुप्तप्रसाद गैह्रेले बताउनुभयो ।

उनीहरूलाई पनि वैधानिक तरिकाले काम गर्नका लागि वालिङ नगरपालिका तथा वालिङ उद्योग वाणिज्य सङ्घमा पहल गरिदिन माग गरिएको अध्यक्ष गैरे बताउनुभयो । "उद्योगी व्यवसायी उद्योग दर्ता गरी करको दायरमा रहेर उद्योग सञ्चालन गर्ने तर घुमन्ते भारतीय कामदारविना दर्ता र राजस्व नै नतिरी काम गर्दा यहाँका उद्योगी मारमा परेका छन्", उहाँले भन्नुभयो, "घरघरमा गएर सामान बनाउँदा उपभोक्तालाई सस्तोभन्दा पनि उल्टै ठगिने गरेका गुनासो हामीकहाँ आएका छन् ।"

वालिङ उद्योग वाणिज्य सङ्घ तथा वालिङ नगरपालिकामा छलफल भए पनि निष्कर्षमा पुग्न सकेको छैन । काठ चिर्ने मेसिन तथा बिजुलीबाट चल्ने मेसिनरी औजार सुरक्षाका दृष्टिले घरघरमै लगेर चलाउन वैधानिक मानिदैन तर घुमन्ते कामदारले विनाअवरोध चलाउँदै आएका सङ्घका अध्यक्ष गैरे बताउनुहुन्छ ।

"हाम्रा उद्योगीले दक्ष कामदार पाएका छैनन्, उनीहरूले यिनै उद्योगमार्फत काम गरे दुवै पक्षलाई फाइदा हुने थियो", उहाँले भन्नुभयो, "उपभोक्ता पनि नठगिने र उद्योगी व्यवसायीले बिक्री गरेको सामग्रीको ग्यारेन्टी दिनेछौं ।"

स्याङ्जा जिल्लाभरि ७२ उद्योगी व्यवसायी सङ्घमा आबद्ध रहेका छन् । नगरपालिकाको पहलमा उद्योगी व्यवसायी तथा कामदार बीच छलफल भएको वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताउनुभयो ।

उद्योगी व्यवसायी तथा कामदारको समस्या समाधानका लागि नगरपालिकाले पहल थालेको छ । विनादर्ता सञ्चालन भएका व्यवसायी तथा कामदारलाई कानूनी दायरामा ल्याएर समस्या समाधानका लागि नीतिगत व्यवस्था गरिने उहाँले बताउनुभयो ।

विज्ञापन आचारसंहिताको पालना गरौं

◆ विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं ।
◆ विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं ।
◆ संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं ।
◆ महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं ।
◆ लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं ।
◆ कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# डेंगु विरुद्ध अभियान चलाऊ

सरकारले समयमै खोज र नष्ट अभियान नचलाउँदा देशभर फैलिएको डेंगुका कारण कम्तीमा २९ जनाको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ७६ जिल्लामा डेंगु फैलिएको र हालसम्म २२ हजार ९८८ जनालाई डेंगु भएको छ। नेपालमा पहिलो पटक २०६१ मा डेंगुका बिरामी भेटिएको थियो। त्यसयता हरेक वर्ष बढ्दो क्रममा रहेको डेंगुले यो वर्ष महामारीकै रुप लिएको छ। समयमै परिक्षण हुन नसक्दा संक्रमित बढ्दै गएको हो। राजधानीका अस्पतालमा डेंगुका बिरामीले भरिएका थिए।

मन्त्रालयका अनुसार सबभन्दा धेरै बागमती प्रदेशमा १७ हजार ७३१ जनालाई डेंगु भएको छ। राजधानीबाट सावधानी अपनाउन नसक्दा देशका सबै ठाउँमा फैलिएको छ। लुम्बिनी प्रदेशका २ हजार ८२१ जना, सुदूरपश्चिम प्रदेशका ७७७, प्रदेश १ का ५९१, गण्डकीका ५१५, मधेश प्रदेशका ३२३ र कर्णाली प्रदेशका २३० जनालाई डेंगु भएको छ। भक्तपुर, ललितपुर लगायतका सबभन्दा धेरै संक्रमण फैलिएको जिल्लामा खोज र नष्ट गर अभियान चलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। नेपालमा तीन वर्षअघि २०१९ मा पनि डेंगुले प्रकोपको रूप लिएको थियो। त्यो समयमा सरकारी तथ्यांक अनुसार १८ हजार संक्रमित भएका थिए। ६ जनाको मृत्यु भएको थियो। 'अहिले अवस्थालाई हेर्दा डेंगुले प्रकोपको रुप लिइसकेको चिकित्सकको भनाइ छ।अझै केही समय डेंगुको जोखिम छ।

अघिल्ला वर्षमा संक्रमित भएका भन्दा बढी भइसकेका छन्। अझै बढ्ने संभावना छ। नेपालमा प्रभावकारी प्रविधि नभित्रिएका कारण पनि डेंगु नियन्त्रणमा समस्या आएको चिकित्सकको बुझाइ छ। 'जबसम्म लामखुट्टे नियन्त्रण गर्न सक्दैनौं, तबसम्म उपचारमा जोड दिँदैमा डेंगु नियन्त्रणमा आउँदन। 'डेंगु नियन्त्रणमा मानिसको व्यवहार परिवर्तन हुन आवश्यक छ।' अहिले मनसुन सँगसँगै डेंगु तीव्र गतिमा फैलिरहेको छ। बढी पानी संकलन भएका ठाउँमा लामखुट्टेको लागि उपयुक्त वातावरण भएकाले पनि डेंगु बढी, छिटो र तीव्र गतिमा फैलिने विज्ञहरु बताउँछन्। लामखुट्टेले फुल पार्न सक्ने घरभित्रका सम्भावित ठाउँ, वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाँडाहरू खोजी-खोजी सफा गर्नुपर्छ। त्यस्तै लामखुट्टेको फुल पनि नष्ट गर्नुपर्दछ।

'पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्नेगरी राम्ररी छोपेर राख्ने साथै पानी जम्नसक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरियो भने डेंगुको प्रकोपलाई रोक्न सकिन्छ। 'अहिले एडिस लामखुट्टे घर-घरमा छिरेको छ। त्यसकारण लामखुट्टेले फुल पार्नसक्ने सम्भावित घर, विद्यालय र वरपरका पानी जम्ने सबै ठाउँहरू र पानी राख्ने भाँडाहरु खोजी-खोजी सफा गर्नुपर्छपोखरामा तीन वर्षअघि चलाइएको अभियान अहिले नचलाई बस्नु विडम्बना हो। जनताको स्वास्थ्य भन्दा ठूलो अरु काम हुन सक्दैन। सस्तो प्रचारबाजी गर्ने जनताको स्वास्थ्य कम चासो दिने तीन तहका सरकारलाई बिउँझाउनु पर्नेछ बेला भएको छ। अस्पतालमा समेत प्रभावकारी उपचार नहुँदा बिरामीले कमजोर महशुस गरेका छन्। बिरामीको आत्मबल बढाउने र उपचारका साथै प्रभावकारी रोकथामका लागि सरकारको कदमको सक्रियता जरुरी छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाव |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पोखरा २६ जल्धारे टोलमा सरसफाइ

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

पोखरा २६ मा रहेको जल्धारे टोल बिकास सस्थाले सरसफाई अभियान तिव्र पारेको छ, विजया दशमीको अबसर पारेर शनिबार सरसफाई कार्यक्रम गरेको हो, आफ्नो कार्य क्षेत्र भित्र रहेका स्थान हरूमा सो अभियान गरेको सस्थाका सल्लाहकार लेखनाथ ढुङ्गानले बताए, टोलले हरेक बर्ष जसो बिजया दशमीको अबसरमा सरसफाई अभियान चलाउने गरेको उनले बताए, यस्तो चाडपर्वको बेलामा सरसफाई ले बिदाको अबसर रमाईलो गर्ने बेला गाऊ घर टोल सफा राख्नु भनेको सकारात्मक पक्ष हो पिपल बोट गार्डेनका सचिब दयासागर बताउछन्।

टोलले यस्तो कार्यक्रम हरू बेला बेलामा गर्नु पर्ने जसले हरेक टोलमा यस्तो कार्य गर्नाले हरेक ठाउ तथा गाउ हरू सफा रहन्छन्। टोलका अध्यक्ष महेन्द्र ढुङ्गानाको नेतृत्वमा सुरू कार्यक्रम मा टोल समिति सदस्य, सल्लाहकार, अन्य सदस्य तथा स्थानिय ब्यक्ति हरूको बाक्लो उपस्थिति थियो।

# अपाङ्गता भएका र अशक्त व्यक्तिलाई घरमै कोभिड खोप

पोखरापत्र संवाददाता
तनहुँ, ८ असोज

म्याग्दे गाउँपालिका-३ किलचोकका पूर्णबहादुर सारु ३२ वर्ष पुगुभयो। पूर्ण अशक्त उहाँलाई यताउता लैजान अरुको सहारा चाहिन्छ।

क श्रेणीको अपाङ्गता हुनुभएका सारुले शुक्रबार आफ्नै घरमा कोभिडविरुद्धको खोप लगाउन पाउँदा खुसीले गद्गद् हुँदै बल्ल हामीजस्ता अपाङ्गता भएका र अशक्त व्यक्तिले स्थानीय सरकारको अनुभूति गर्न पायौ भन्नुभयो। गाउँपालिकाद्वारा आयोजित घुम्ती शिबिरको चौथो दिन शारीरिकरुपमा अशक्त र अपाङ्गता भएको व्यक्तिलाई घरघरमा पुगेर कोभिडविरुद्धको खोप र अन्य स्वास्थ्य सेवा दिन थालेपछि म्याग्देवासी खुसी भएका हुन्। सारुले जस्तै २८ वर्षीय कृष्णबहादुर थापा, सोही ठाउँ बस्ने, वर्ष ३३ का बिहिसरा थापा र २९ वर्षीय नारायणबहादुर हुन्चिडलगायतको घरमा स्वास्थ्यकर्मी पुगेर खोप दिएपछि उनीहरुले राहत महसुस गरेका छन्। स्पाइनल इन्जुरीका कारण पूर्णरुपमा शारीरिक अपाङ्गता भई ओछ्यानमा रहनुभएका २९ वर्षीय नारायणबहादुर हुन्चिडले कोभिड खोप र स्वास्थ्य सेवा पाउँदा खुसी हुँदै सामान्य व्यक्तिभन्दा पनि अपाङ्गता भएको व्यक्तिलाई यसै गरी सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

अपाङ्गता भएका व्यक्ति वडा र पालिकामा आउन नसक्ने र घुम्ती शिविरमा आएर पनि स्वास्थ्य सेवा लिन नसक्ने भएकाले निजहरुको घर-घरमा नै गएर खोप लगाइदिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। एकीकृत घुम्ती सेवामार्फत घर-घर र टोल-टोलमा पुगेर सेवा दिँदा म्याग्देवासीमा खुसी छाएको उहाँले बताउनुभयो। चौथो दिनसम्ममा सात स्थानमा शिविर सम्पन्न हुँदा कोभिड १९ विरुद्ध वयस्क फाइजर खोप दुई सय ६७ ले लगाएकामा १७ जनाले पहिलो मात्रा, १८ जनाले दोस्रो मात्रा र दुई सय ३२ ले तेस्रो (बुस्टर) मात्रा खोप लगाएका स्वास्थ्य शाखा प्रमुख दिनेश पण्डितले बताउनुभयो। वडा नं १ को मान्थौं, गुणादी र बाखे, वडा नं २ को गुञ्जारा, जामुने, ऋषिथुम र पिपलडिहीसमेत गरी सात स्थानमा घुम्ती शिविर सम्पन्न भइसकेको छ। उक्त शिविर यही असोज २ देखि ३१ गतेसम्म चल्ने गाउँपालिका कार्यालयले जनाएको छ।

# डेङ्गु तत्काल नियन्त्रण गर्न चिकित्सकहरूको आग्रह

रासस
काठमाडौं, ८ असोज

पछिल्लो समय नेपालमा फैलिएको डेङ्गु प्रकोप तत्काल नियन्त्रण गर्न चिकित्सकहरूले आग्रह गरेका छन्। सरकारले डेङ्गु नियन्त्रणमा तुरुन्त प्रभावकारी कदम चाल्नुपर्ने उनीहरूको आग्रह छ। हरेक अस्पताल शय्याहरू डेङ्गुका बिरामीले भरिएको चिकित्सकहरूको भनाइ छ।

शनिबाररिपोर्टर्सक्लबनेपालले आयोजना गरेको साक्षात्कारमा डा सुन्दरमणि दीक्षितले नियन्त्रणका लागि लामखुट्टे मार्ने धुवाँको प्रयोग गर्नुपर्ने बताउनुभयो। डेङ्गु नियन्त्रण गर्नु सरकारको मात्र जिम्मेवारी नभएको भन्दै उहाँले स्वास्थ्य मन्त्रालय मातहतका कार्यालय र स्थानीय निकाय गम्भीरताका साथ खटिनुपर्नेमा जोड दिनुभयो।

डेङ्गु प्रकोपले पछिल्लो समय कडा रूप लिँदै गएको बताउँदै डा दीक्षितले आफूले प्रत्येक दिन जाँच गर्ने १० बिरामीमध्ये दुई-तीन डेङ्गु सङ्क्रमित हुने उल्लेख गर्नुभयो। स्वास्थ्य मन्त्रालयले लामखुट्टे 'खोज र नष्ट गर' अभियान दुई महिना अगाडिदेखि सञ्चालन गरेको भए यस्तो अवस्था नआउने सरुवा रोग विशेषज्ञ डा शेरबहादुर पुनले बताउनुभयो। एकै परिवारका सदस्य पालैपालो अस्पताल पुग्ने गरेको स्मरण गराउँदै डेङ्गु प्रकोपले भयावह रुप लिइसकेको उहाँको भनाइ छ। "नेपालले अब समयमै नियन्त्रण नगरे अझै ठूलो समस्या निम्तन सक्छ", उहाँले भन्नुभयो। सरकारले डेङ्गु नियन्त्रणका लागि सञ्चालन गरेको अभियान प्रभावकारी भएको भन्दै लामखुट्टेको लार्भालाई खोजेर नष्ट गरेमा एडल्ट लामखुट्टे नियन्त्रण गर्न सकिने सरुवा रोग विशेषज्ञ डा गरिबदास ठाकुरको भनाइ छ। उहाँले जनचेतना अभिवृद्धि गरेर, सरकारले विज्ञहरूको सल्लाहमा अघि बढेमा डेङ्गु प्रकोप नियन्त्रण गर्न सकिने बताउनुभयो।

**पसल बिक्रीमा**

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसल विशेष कारणवस तुः बिक्रीमा छ।

सम्पर्कः
९८२७१९९५८६
९८१९१७११७८

# यौनिकता शिक्षा र लैङ्गिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी तालिम

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज



नेपाल परिवार नियोजन संघ कास्कीको आयोजनामा कास्कीमा बृहत्त यौनिकता शिक्षा र लैङ्गिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी तालिम शुरु भएको छ।

नेपाल परिवार नियोजन संघ केन्द्रीय कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा आयोजित तालिम कास्कीको लुम्लेमा तीन दिनसम्म चल्नेछ। युवा वर्गका लागि आवश्यक यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी ज्ञान दिने तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक क्षेत्रमा वकालत गर्न सक्ने जनशक्ति तयार गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो।

तालिममा विभिन्न लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायसहित २८ जना युवाको सहभागिता रहेको कार्यक्रम संयोजक विष्णु दाहालले जानकारी दिनुभयो। तालिममा नेपाल परिवार नियोजन संघ केन्द्रीय कार्यालय य्याक परियोजना कार्यक्रम अधिकृत नारायणी त्रिपाठी, युवाहरु सबिना तिमिल्सिना, विष्णु दाहाल, कृषा सिग्देल, सपना थापा, निराजन अधिकारी, संघका वरिष्ठ शाखा प्रबन्धक नवराज तिवारी,स्टाफ नर्स अनुषा भुजेललगायतले सहजिकरण गर्नुहुनेछ। तालिमको उद्घाटन गर्दै नेपाल परिवार नियोजन संघका महासचिव अर्जुन सिग्देलले युवा तथा लैङ्गिक अल्पसंख्यको महत्व बुझेर नै संघले विभिन्न अभियानहरु संचालन गरेको बताउनुभयो। उहाँले लैङ्गिक तथा अल्पसंख्यक समुदायका लागि समलिङ्गी बिबाहको पक्षमा वकालत गरेको र हर्मोनल तथा लेजर थेरापी सेवा संचालन गरेको जानकारी दिनुभयो।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति निरञ्जन श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेश संयोजक उमेशराज पराजुली, कास्की उपसभापति नवीन सिग्देल, सचिव निशा भण्डारी, युवा संयोजक सविना तिमिल्सिना, नेपाल परिवार नियोजन संघ केन्द्रीय कार्यालय य्याक परियोजना कार्यक्रम अधिकृत नारायणी त्रिपाठी, वरिष्ठ शाखा प्रबन्धक नवराज तिवारी, युवा सदस्य सपना थापाले बोल्नुभएको थियो।

# लमजुङमा थपियो छ मतदान केन्द

पोखरापत्र संवाददाता
लमजुङ, ८ असोज

आगामी प्रतिनिधिसभा एवं प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले जिल्लामा छवटा मतदान केन्द्र थप गरेको छ। जिल्ला निर्वाचन कार्यालय लमजुङका अनुसार दुई नगरपालिका र दुई गाउँपालिकामा गरी यतिका सङ्ख्यामा मतदान केन्द्र थप गरेको हो।

निर्वाचन कार्यालय प्रमुख सिर्जना मिश्रका अनुसार जिल्लाको बेँसीसहर नगरपालिका-११ बाल विकास मावि रामचोकबेँसी, सुन्दरबजार नगरपालिका-८ अकला आधारभूत विद्यालय अकला, मध्यनेपाल नगरपालिका-८ विश्वज्योति आधारभूत विद्यालय मजुवाबेँसी रहेका छन्। त्यस्तै दोर्दी गाउँपालिका वडा नं ६ भगवान् आधारभूत विद्यालय कीर्तिपुर, सोही वडाकै युल्सा तामाङ सामुदायिक भवन ढोडेनी र हिमालय क्षेत्रसिं आधारभूत विद्यालय दुवारमा मतदान केन्द्र थप भएको निर्वाचन कार्यालय लमजुङले जनाएको छ। थप गरिएकासँगै निर्वाचन आयोगले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ का लागि जिल्लामा एक सय २८ मतदानस्थल र एक सय ८६ वटा मतदान केन्द्र कायम गरेको छ।

जिल्लामा एक मात्र सङ्घीय निर्वाचन क्षेत्र र दुई प्रदेशसभा लागि निर्वाचन क्षेत्र छन्। उक्त कार्यालयका अनुसार प्रदेशसभा (क) तर्फ ६७ मतदानस्थल र ९१ मतदान केन्द्र छन्। त्यस्तै (ख)तर्फ ६१ मतदानस्थल ९५ केन्द्र छन्। गत स्थानीय तह निर्वाचनमा एक लाख ३१ हजार चार सय ९४ मतदाता रहेका थिए। तर आगामी निर्वाचनका लागि मतदातासमेत बढेका छन्। स्थानीय निर्वाचनपछि दुई हजार ६५ मतदाता नयाँ थपिएका छन्। जिल्लामा एक लाख ३३ हजार पाँच सय ५९ मतदाताले भोट हाल्ने भएका छन्। ६८ हजार दुई सय ८८ महिला मतदाता छन् भने ६५ हजार दुई सय ७१ पुरुष मतदाता छन्। प्रदेशसभा (क)तर्फ महिला मतदाता ३१ हजार आठ सय ७२ रहेको छ भने ३१ हजार सात सय तीन पुरुष मतदाता गरी ६३ हजार पाँच सय ७५ मतदाता रहेका छन्। त्यस्तै प्रदेशसभा (ख)तर्फ ३६ हजार चार सय १६ महिला र ३३ हजार पाँच सय ६८ पुरुष गरी ६९ हजार नौ सय ८४ मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# आस्थाको १२ औं बार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

आस्था बचत तथा ऋण सहकारी संस्था लिको १२ औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भएको छ।

कार्यक्रममा नेफ्स्कुनका संचालक चण्डी प्रसाद शर्मा पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। उनले शेयर सदस्यहरुलाई प्रशिक्षण समेत दिएका थिए। प्रमुख अतिथि पौडेलले संस्थाले पैसा बचत गर्न सिकाई आय आर्जनको क्षेत्रमा उल्लेखनिय काम गरी जीवन स्तर उच्च राख्ने काम गरेको प्रति खुशी व्यक्त गरे। संस्था प्रति सदा आफ्नो साथ र सहयोग रहने कुरा उनले बताए। सहकारी क्षेत्रमा परेको असर कम गर्न सञ्चालकको भूमिका महत्वपूर्ण हुनुपर्ने बताए। उक्त कार्यक्रममा आस्था सहकारीका प्रमुख कार्यकारी अधिकृत नारायण प्रसाद आचार्यले संस्थाका बारेमा शेयरसदस्यहरुलाई जानकारी गराएका थिए। उक्त कार्यक्रममा कोषाध्यक्ष बद्रीराज गौतमले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए। यसैगरी लेखा सुपरिवेक्षण समितिका संयोजक भिमप्रसाद आचार्यले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए भने सचिव ज्ञानेश्वर सुवेदीले सागठनिक प्रतिवेदन प्रस्तुत गरेका थिए। उक्त कार्यक्रममा उत्कृष्ट कर्मचारी र



बचतकर्तालाई सम्मान गरिएको थियो। संस्थाका कार्यबाहक अध्यक्ष बसन्त कुमार आर्चायको अध्यक्षतामा भएको कार्यक्रममा महिला परिचालन समितिका संयोजक रमिला पौडेल सापकोटाले स्वागत र सचिव ज्ञानेश्वर सुवेदीले सञ्चालन गरेका थिए।

**नामथर, जन्ममिति फरक पर्न गएको सूचना**



स्याङ्जा जिल्ला साविक साँखरगा.वि.स. वडा नं. २ हाल चापाकोट नगरपालिका वडा नं. ६ निवासी भारतीय भू.पू. सैनिक नं. जे.सी. ६१७६०५M Sub का पेन्सनर सूर्य बहादुर थापाको माग निवेदन अनुसारनिजको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्र नं. ३२३१ मा नामथर रिमा कुमारी थापा, जन्ममिति वि.सं. २०२१।०९।०५ तदनुसार सन् १९६४ डिसेम्बर १९ भएको र भारतीय पेन्सन रेकर्डमा नामथर रिमाया थापा, जन्ममिति सन् १९६५ मे १६ उल्लेख भई फरक फरक अभिलेखमा नामथर र जन्ममिति फरक-फरक भए तापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका-६ नं. वडा कार्यालयको च.नं. ३२४, मिति २०७७।८।२३ को पत्रबाट सिफारिस भई आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

